**सान्जेन जलविद्युत कम्पनी लिमिटेड**

**महाराजगंज, काठमाडौं ।**

बिक्रम सम्बत २०८२ साल पौष २९ गते मंगलवारका दिन

कुण्डलिनि दरवार ब्यांक्वेट ,चण्डोल, काठमाडौंमा सम्पन्न

सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको

**तेह्रौं, चौधौं र पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका**

१. **पृष्ठभूमि:**

यस कम्पनीको सञ्चालक समितिको ३३१औं बैठकको निर्णयानुसार मिति २०८२/०९/२९ गते (तदनुसार जनवरी १३, २०२६)मंगलवारका दिन विहान १०:०० बजे बोलाइएको साधारण सभा कुण्डलिनि दरवार ब्यांक्वेट, चण्डोल, काठमाडौंमा सञ्चालन गरिएको थियो । साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री दीर्घायू कुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । उक्त सभामा कम्पनी सचिवले सवै सञ्चालक, पदाधिकारी तथा शेयरधनीहरुलाई स्वागत गर्दै आसन ग्रहण गराउनु भयो । तत् पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले तेह्रौ, चौधौ र पन्ध्रौ वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भएको थियो । सभा बिहान १०:०० वजे शुरु भई अपरान्ह १४:०० बजे सम्पन्न भएको थियो ।

(क) **सभाको सूचना तथा प्रकाशनः**

कम्पनीको तेह्रौ, चौधौ र पन्ध्रौ वार्षिक साधारण सभा सम्वन्धी सूचना र छलफल हुने बिषयहरुको सूची तथा कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु, सूचना तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.sjcl.com.np मा समेत हेर्न मिल्ने गरी व्यवस्था गरिएको थियो ।

मिति २०८२ पुष ७ गतेको राजधानी दैनिकमा प्रथम पटक र मिति २०८२/०९/१६ गतेको हिमालय टाईम्स दैनिकमा दोश्रो पटक सूचना प्रकाशन गरी सबै शेयरधनीहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. मा समेत जानकारी गराइएको थियो ।

(ख) **उपस्थितिः**

(अ) **संचालकहरुको उपस्थितिः**

| | |
|---|---|
| १. श्री दीर्घायू कुमार श्रेष्ठ | अध्यक्ष |
| २. श्री शान्तिलक्ष्मि शाक्य | सञ्चालक |
| ३. श्री समिर प्रसाद पोखरेल | सञ्चालक |
| ४. श्री वावुराजा महर्जन | सञ्चालक |
| ५. श्री नवराज पौडेल | सञ्चालक |

(आ) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरिक्षकको उपस्थिति:**

(क) श्री कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि: श्री करन वहादुर वि. क.

(ख)श्री सनराइज क्यापिटल लि.को प्रतिनिधि: श्री विजयलाल श्रेष्ठ

(ग) श्री नागरिक लगानी कोषको प्रतिनिधि: श्री शिव प्रसाद उपाध्याय

(इ) **साधारण सभामा शेयधनीहरुको उपस्थिति**

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वयं उपस्थिति | प्रतिनिधिबाट उपस्थीत | जम्मा उपस्थिति | शेयरको अनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ३६,५००,००० | ३,७५,५९६ | १८,४१९,२९१ | १,८७,९४,८८७ | ५१.४९ |
| शेयरधनी संख्या | २,८८,४१४ | १३३ | ४ | १३७ | ०.०४ |

कम्पनीको शेयर दाखिल खारिज बन्द भएको मिति २०८२/०९/२० (एक दिन)।

**पदाधिकारीहरु:**

१.अर्पण वहादुर सिह प्रमुख कार्यकारी अधिकृत

२.मुरली प्रसाद शर्मा कानुनी सल्लाहकार

३.घनश्याम श्रेष्ठ कम्पनी सचिव

४.देवेन्द्र गौतम नि.आयोजना प्रमुख,सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे वा) र सान्जेन जलविद्युत आयोजना(४२.५ मे.वा.)

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:**

साधारण सभामा निम्न बमोजिम साधारण तथा बिशेष प्रस्तावहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएकोथियो :

**साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आ.व. २०७९।८०, आ. व. २०८०।८१र आ. व. २०८१।८२ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षण प्रतिवेदन सहित आ. व. २०७९।०८०, आ. व. २०८०।०८१ र आ. व. २०८१।८२ को अषाढ मसान्तसम्मको वित्तिय विवरणहरु ( वासलात , आयब्यय विवरण ,नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने।

३. कम्पनीको सञ्चालक समितिको मिति २०८० माघ २ मा वसेको २७३ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप कम्पनी रजिष्ट्रार कार्यालयको मिति

२०८०।१०।०९ को स्वीकृति अनुसार लेखापरीक्षण समितिको सिफारिसमा लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी. चार्टड एकाउन्टेन्टलाई आ.व. २०८०।८१ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने।

४. कम्पनीको सञ्चालक समितिको मिति २०८१ मंसिर २३ मा वसेको ३०२ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप श्री महालेखा परिक्षकको कार्यालयबाट प्राप्त मिति २०८२ वैसाख २५ को परामर्श र लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षक श्रीं सुरेन्द्र वहादुर के.सी.,चार्टड एकाउन्टेन्टलाई आ.व. २०८१।८२ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने ।

५. आ व. २०८२।८३ को हिसाब किताब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समितिको मिति २०८२ मंसिर २६ मा वसेको ३२९ औ वैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुपपरामर्शका लागि श्री महालेखा परिक्षकको कार्यालयमा अनुरोध गरिएकोमा हालसम्म उक्त कार्यालयबाट राय परामर्श प्राप्त भई नसकेकोले पछि सो कार्यालयको राय परामर्श प्राप्त भएपछि सोही वमोजिम हुने गरी आ.व. २०८२।८३ को लेखापरिक्षक नियुक्तिको लागि लेखापरिक्षण समितिको सिफारिसमा ञ्चालक समितिबाट बैधानिक लेखापरिक्षक नियुक्त गर्न र मुल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– ( एक लाख पन्चानव्वे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गर्न स्वीकृती दिने ।

६. विशेष प्रस्ताव :
   - कम्पनीको नियमावलीको नियम २ र २७(२) मा संशोधन गर्ने सम्वन्धमा।

७. विविध।

**(घ) <u>सभाको बैधानिकता:</u>**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान र कम्पनीको नियमावली अनुसार साधारण सभा गर्न निर्दिष्ट अवश्यक गणपुरक संख्या पुगेको कुरा जानकारी गराउदै कूल शेयर सङ्ख्याको ५१.४९% शेयरको प्रतिनिधित्व हुने गरी १३७ जना शेयर धनीहरुको उपस्थिति रहेको कुरा कम्पनीको शेयर रजिष्ट्रारबाट जानकारी प्राप्त भएकोले सभा सञ्चालन गर्न सकिने कुरा सभामा जानकारी गराउनुका साथै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभावाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो। यस वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री दीर्घायू कुमार श्रेष्ठज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

सान्जेन जलविद्युत कम्पनी लि.
स्थापित २०६७
SANJEN JALAVIDHYUT CO. LTD.
ESTD2010

## (ङ) सभा संचालन तथा प्रस्ताव उपर छलफल:

(१) विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री दीर्घायू कुमार श्रेष्ठज्यूलाई कम्पनीको आ.व. २०७९/८० आ. व. २०८०/८१ र आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.व. २०७९/८० आ. व. २०८०/८१ र आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०७९/८०, आ. व. २०८०/८१ र आ. व. २०८१/८२ को आर्थिक विवरण तथा अध्यक्षबाट प्रस्तुत तिनवटै वार्षिक प्रतिवेदन उपर आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयर धनीहरुलाई अनुरोध गरिएको थियो ।

## (२) शेयरधनीहरुबाट प्राप्त जिज्ञासा ,राय तथा सुझाव:

अध्यक्षज्यूले कम्पनीको आ.व. २०७९/८०, आ. व. २०८०/८१ र आ. व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि शेयरधनी/शेयरधनीका प्रतिनिधिहरुको तर्फबाट उक्त प्रतिवेदन उपर धारणा राख्दै निम्न शेयरधनीहरुले निम्न बमोजिमका राय सुझाव , प्रतिकृया एंव जिज्ञासा राख्नु भएको थियो:

**उद्दव प्रसाद घिमिरे:**

कम्पनीको सञ्चालक समितिको हाल कायम संरचना ठिक रहेको विचार ब्यक्त गर्नु भयो । कम्पनीको हिसाव किताब राख्ने ब्यवस्था NFRS प्रणालीवाट IFRS प्रणालीमा जानुपर्ने सुझाव दिनु भयो । वित्तिय विवरणमा सूचनाहरु Vertical,Graphical र Pie chart मा समेत देखाउनु पर्ने सुझाव दिनु भयो । नाफा नोक्सान हिसावमा रु २७ करोड नोक्सानी देखिएपनि यस आ. व. को पहिलो त्रैमासिकमा रु १५ करोड नाफा भैसकेको देखिएकोले कम्पनीको सञ्चालन राम्रो देखिएको वताउनु भयो । सामाजिक उत्तरदायित्वको काम गर्दा सवै प्रभावितहरुलाई मिलाएर गर्न सुझाव दिनु भयो । कम्पनीको ऋण घटाउन जोड दिनु पर्ने कुरामा जोड दिनु भयो । वित्तिय विवरणमा पाँच वर्षको मुख्य मुख्य सूचकहरु राख्न सुझाव दिनु भयो । साथै आयोजनाहरुको निर्माणकालमा वीरगति प्राप्त गर्ने कर्मचारीहरुको वारेमा केहि कल्याणकारी योजना ल्याउन सुझाव दिनु भयो ।

**फुर्वु तेन्जेन तामाङ्ग**

३ वर्षको साधारण सभा एकै चोटी किन भयो भनी प्रश्न गर्नु भयो । ७ जना सञ्चालकको प्रस्ताव किन ल्याईयो भनी पश्न गर्नु भयो ।३५ लाख/४० लाख अतिथि सत्कार खर्च राखिएको किन भनी प्रश्न गर्नु भयो । सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुको जानकारी उपलब्ध गराउन माग गर्नु भयो । रोयल्टि वितरणमा प्रभावितलाई प्राथमिकता दिन सुझाव दिनु भयो । कर्मचारीहरुको मनोवल उच्च वनाउन आवश्यक पहल गर्न र कर्मचारीलाई स्थाई बनाउन प्रक्रिया शुरु गर्न सुझाव दिनु भयो । बिशेष प्रस्ताब अनुसार नियमावली संशोधन गर्दा सञ्चालकहरुको संख्या ९ (नौ) को सट्टामा संशोधन गरी ११ (एघार)वनाउनु पर्ने नत्र साधारण सभाको कार्वाही अगाडी नवढ्ने कुरा उल्लेख गर्नु भयो ।

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO. LTD. ESTD2010

**पेम्वा तामाङ्ग**

कम्पनीको यस अधिको सञ्चालक समितिको सरचनामा ११ जनाको सन्चालक समिति रहेको मा सो संख्या ७(सात) जना बनाई घटाइएको कुरा हामीलाई मान्य छैन यसले रसुवावासीहरु शेयरधनीहरुको प्रतिनिधित्वलाई सिमित गर्ने अवस्था रहेकोले यो संख्या ११(एघार) नै हुनु पर्छ भन्नु भयो। कम्पनीले शेयर वाँडफाँडमा असन्तुष्ट रहेकाहरुले गरेको आन्दोलनमा मुद्दा चलाएर २५ जना स्थानीयलाई साढे २ वर्ष जेल सजाय भएको कुरा उल्लेख गर्नु भयो। सञ्चालक समितिमा रसुवाजिल्लावासी शेयरधनीहरुको प्रतिनिधी रहने गरी आरक्षणको ब्यवस्था हुन माग गर्नु भयो। यो आरक्षण सान्जेनवाटै शुरु गरौ भन्नु भयो। कर्मचारीको सीप अभिवृद्दिमा ध्यान दिन र स्थाई प्रक्रिया शुरु गर्न सुझाव दनु भयो। सञ्चालक समितिको संख्या ११(एघार ) नै वनाउनु पर्ने भनी जोड गर्नु भयो।

**दिलिप तामाङ्ग**

कम्पनीका सञ्चालकहरुको संख्या सर्वसाधारण सहित ११ जना कायम गर्नुपर्ने र प्रभावित स्थानीय शेयरधनीहरुको लागि आरक्षण दिनु पर्ने भनी जोड दनु भयो।

**सञ्जय लामा**

कम्पनीको प्रशासनिक खर्च कम गर्नु पर्ने कुरा सुझाव दिनु भयो। कम्पनीका सञ्चालकको जरिवाना कम्पनीवाट भुक्तानी गर्न नहुने कुरामा जोड दिनु भयो। सञ्चालक समितिको संख्या सर्वसाधारण सहित ११ जना कायम गर्नु पर्ने कुरा जनाउनु भयो।

**भक्ति प्रसाद घिमिरे**

कम्पनीको वित्तिय अवस्था राम्रो रहेको र ऋण तिर्ने क्षमता वढेकोमा प्रसंशा गर्नु भयो। यस कम्पनीको सञ्चालकको संख्याको ७ जनाको प्रस्ताव आफैले गरेको र १२ औ साधारण सभाले सोही अनुसार प्रस्ताव पारित भएको जनाउनु भयो। त्यतिवेला कसैले उक्त प्रस्तावको विरोध नगरेको कुरा समेत जनाउनु भयो।

सञ्चालक संख्याका सम्बन्धमा आफ्नो पुर्ववत् ७ जना रहनु पर्ने अडान स्थानीय रसुवावासी शेयरधनीहरुको मागलाई विचार गरी छाडेको कुरा उल्लेख गर्नु भयो र यसलाई ११(एघार) गराइएमा आफ्नो सहमति रहेको धारणा पनि ब्यक्त गर्नु भयो।

३. **सञ्चालक समितिका अध्यक्ष श्री दीर्घायू कुमार श्रेष्ठज्यूको जवाफः**

प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका अध्यक्षले जिज्ञासाको सम्बन्धमा जवाफ दिदै सबै सुझावलाई गम्भिररुपमा लिइनेछ भन्नु भयो। तर रसुवावासी स्थानीय शेयरधनीहरुवाट सञ्चालक समितिको संरचना सम्बन्धि ३ महले प्रस्ताव जम्मा ९ (नौ) जना सञ्चालकको प्रस्तावित संरचनामा असन्तुष्ट भई उक्त प्रस्तावमा सहमति नभई अन्य प्रस्तावमा छलफल नगरिने कुरा शेयरधनीहरुवाट सभामै जानकारी गराईएकोले उक्त सञ्चालक संख्याका सम्बन्धमा सबै शेयरधनी एकमत हुन आग्रह गर्नु भयो र सोही प्रस्तावमा निर्णय लिइने कुरा पनि स्पष्ट गर्नु भयो।

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित२०६७ SANJEN JALAVIDHYUT CO. LTD. ESTD2010

आयोजनाका सम्बन्धमा र कम्पनीका समग्र आर्थिक अवस्था सम्बन्धमा उठेका जिज्ञासाका सम्बन्धमा अध्यक्षका अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री अर्पण बहादुर सिहले स्पष्ट गर्नु भएको थियो। उहाँले गत तिन बर्षमा भएका कामहरुको छोटकरी बिवरण प्रस्तुत गर्दै हाल कम्पनीको आर्थिक अवस्था सम्बन्धमा समेत शेयरधनीहरुलाई जानकारी गराउनु भयो ।

शेयरधनीहरुका जिज्ञासा र राय प्रतिकृया सम्बन्धमा जवाफ दिने काम समाप्त भएपछि कम्पनी सचिवले बिषयसूचि अनुसार सभामा क्रमस: प्रस्तावहरु प्रस्तुत गर्नु भयो र सभाबाट निर्णय गरियो।।

४. <u>निर्णयहरु:</u>

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री दीर्घायू कुमार श्रेष्ठज्यूबाट स्पष्ट पार्ने काम गरिएतापनि आयोजना रहेको जिल्लाका स्थानिय शेयरधनीहरुले साधारण सभाको कारवाहीमा अवरोध गरे पश्चात प्रस्तावित सञ्चालक संख्याको विषयमा वारम्वार संशोधन गर्नु पर्ने कुरा राखिएको र अन्य प्रस्ताव सभामा छलफल पश्चात पारित गरिने शेयरधनीहरुको माग पछि कम्पनी सचिवले सभा समक्ष अध्यक्षज्यूवाट अन्य जिज्ञासाको निराकरण गर्नु पर्ने कि नपर्ने भनी सोध्नु भएकोमा धेरै जानकारी प्रतिवेदनबाटै स्पष्ट भएकोले यसमा लामो समय खर्च गर्न आवश्यक छैन भनेपछि उत्तर छोटो गर्नु भएको थियो। तर सञ्चालकको संख्याको सम्बन्धमा एकिन गर्नु पर्ने भन्ने माग भएपश्चात कम्पनी सचिववाट सञ्चालक संख्याका सम्बन्धमा सभा समक्ष राय माग गरिएको र सर्वसम्मत रुपमा सञ्चालक संख्या जम्मा ११(एघार) जना हुने गरी संशोधित प्रस्ताव पारित गर्न एकमत रहेको भनेपछि कम्पनी सचिवले सो बिषय सोही प्रस्तावमा निर्णय लिने गरी साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो र सभाबाट देहाय बमोजिम निर्णय भयो :

१. साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७९।८०, आ. व. २०८०।८१र आ. व. २०८१।८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा शेयरधनीहरुको तर्फबाट राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त आ.व. २०७९।८०, आ. व. २०८०।८१ र आ. व. २०८१।८२ को वार्षिक प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदनहरु सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ. व. २०७९।०८०, आ. व. २०८०।०८१ र आ. व. २०८१।८२ को लेखापरीक्षीत बित्तीय विवरणहरु (२०८०साल आषाढ मसान्तको वासलात र आ.व. २०७९/८० को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको अनुसूचीहरु, २०८१ आषाढमसान्तको वासलात र आ.व. २०८०/८१ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको अनुसूचीहरु र २०८२ साल आषाढ मसान्तको वासलात र आ.व. २०८१/८२ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको अनुसूचीहरु) सम्बन्धमा पनि राय प्रतिकृया र सुझाव प्राप्त भई जवाफ दिने काम समेत भइ सकेकोले उक्त तिनवटै आर्थिक वर्षहरुका आर्थिक विवरणहरु स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित२०६६ SANJEN JALAVIDHYUT CO. LTD. ESTD2010

३. कम्पनीको सञ्चालक समितिको मिति २०८०माघ २ मा वसेको २७३ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०।१०।०९ को स्वीकृति अनुसार लेखापरीक्षण समितिको सिफारिसमा लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी. चार्टड एकाउन्टेन्टलाई आ.व. २०८०।८१ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सञ्चालक समितिबाट भएगरेका उक्त कार्यको अनुमोदन हुन सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

४. कम्पनीको सञ्चालक समितिको मिति २०८१ मंसिर २३ मा वसेको ३०२ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुपश्री महालेखा परिक्षकको कार्यालयबाट प्राप्त मिति २०८२ वैसाख २५ को स्वीकृती र लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी.,चार्टड एकाउन्टेन्टलाई आ.व. २०८१।८२ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सञ्चालक समितिबाट भएगरेका उक्त कार्यको अनुमोदन हुन सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो।

५. आ. व. २०८२।८३ को हिसाब किताब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समितिको मिति २०८२ मंसिर २६ मा वसेको ३२९ औ वैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप परामर्शका लागि श्री महालेखा परिक्षकको कार्यालयमा अनुरोध गरिएकोमा हालसम्म उक्त कार्यालयको परामर्श प्राप्त भई नसकेकोले पछि सो कार्यालयको राय परामर्श प्राप्त भएपछि सोही वमोजिम हुने गरी आ.व. २०८२।८३ को लेखापरिक्षक नियुक्तिको लागि लेखापरिक्षण समितिको सिफारिसमा सञ्चालक समितिबाट बैधानिक लेखापरिक्षक नियुक्त गर्न र मुल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– ( एक लाख पन्चानव्वे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गर्न स्वीकृती दिन सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सभामा छलफल हुँदा प्रस्ताव बमोजिम नै स्विकृती दिने सर्वसम्मत निर्णय भयो।

६. **विशेष प्रस्ताव** :

कम्पनिको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधनका सम्बन्धमा राखिएको प्रस्ताव उपर छलफल हुँदा निम्नानुसार संशोधन गर्ने सर्वसम्मतीबाट निर्णय भयो।

- नियमावलीको नियम (२) मा निम्नानुसार संशोधन गर्ने : नियमावलीको नियम (२) मा भइरहेको ब्यवस्थाका सट्टा देहायको ब्यवस्था राख्ने र कम्पनी प्रबन्धपत्रमा समेत सोही अनुसार मिलाउने:

(२) "यस कम्पनीको रजिष्टर्ड कार्यालय चिलिमे टावर, काठमाण्डौ महानगरपालिका वडा नं ४ धुम्वाराही काठमाण्डौमा रहनेछ यस कम्पनीको आयोजना कार्यालय र जलविद्युत केन्द्र रसुवा जिल्ला साविक चिलिमे गा. वि. स. हाल आमाछोदिङ्गमो वडा नं ५ मा रहने छ।"

नियमावलीको नियम २७ को (२) मा को संशोधन गर्ने प्रस्तावका सम्बन्धमा छलफल हुँदा प्रस्तावित सञ्चालक समितिको गठन र संरचनाका सम्बन्धमा साधारण सभामा छलफल हुँदा प्रस्तावित ब्यवस्थामा थप परिमार्जन गरी सञ्चालक समितिको गठन र संरचना देहाय बमोजिम कायम हुने गरी संशोधन गर्ने:

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६७ ESTD2010 SANJEN JALAVIDHYUT CO. LTD.

२७(२) यस कम्पनीमा दुई जना स्वतन्त्र सञ्चालक सहित जम्मा ११ (एघार ) जना सञ्चालकहरु रहेको सञ्चालक समिति हुनेछ र सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) संस्थापक समुहका शेयरधनीहरुबाट मनोनित वा निर्वाचित पाँच(५) जना सञ्चालकहरु रहने छन्।

(ख) सर्बसाधारण समुहका शेयरधनीहरुबाट नियुक्त वा निर्वाचित एक जना महिला सहित चार (४) जना सञ्चालकहरुले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने छन्।

(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त वा निर्वाचित दुइ (२) जना स्वतन्त्र सञ्चालकहरुले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने छन्।

(घ) संस्थापकं शेयरधनीहरुबाट नियुक्त वा मनोनित सञ्चालकहरु मध्येबाट सञ्चालक समितिको अध्यक्ष निर्वाचित हुनेछ। (साधारण सभावाट स्वीकृत तिन महले यसै साथ संलग्न गरिएको छ)

प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन कम्पनी रजिष्टारको कार्यालयमा अभिलेख गर्ने गराउने प्रयोजनको लागि थप परिमार्जन गर्नु परेमा वा उक्त कार्यालयको निर्देशनमा कुनै थपघट गर्नु परेमा तत्सम्बन्धमा निर्णय गर्ने र संशोधनको मस्यौदा र तिन महले तयार गरी पेश गर्ने अधिकार सञ्चालक समितिलाई दिने पनि निर्णय भयो।

७.विविध ( कुनै प्रस्ताव नरहेको )

५. **साधारण सभा समापन भएको घोषणाः**

अध्यक्षज्यूले सभामा सहभागि सञ्चालकज्युहरु लगायत सम्पूर्ण सहभागि शेयरधनी महानुभावहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै कम्पनीले आयोजना सम्पन्न गर्न गरिएको प्रयास र सम्पन्न भए पश्चातको अवस्थाका सम्बन्धमा जानकारी दिदै भविष्यमा समेत शेयरधनीको सहयोग, सल्लाह, सुझावको अपेक्षा रहेको धारणा ब्यक्त गर्दै सभा समापन भएको घोषणा गर्नु भयो।

------------------------
(घनश्याम श्रेष्ठ)
कम्पनी सचिव

------------------------
(दीर्घायू कुमार श्रेष्ठ)
अध्यक्ष

सान्जेन जलविद्युत कम्पनी लि.
स्थापित२०११
SANJEN JALAVIDHYUT CO. LTD.
ESTD2010